अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ११ मिति : २०८१/०९/०१


## भाग – २

# थासाङ गाउँपालिका

## कृषि तथा पशुपालन कार्यक्रम अनुदान (पहिलो संसोधन) कार्यविधि, २०८१

<u>थासाङ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/०१</u>

कृषि तथा पशुपालन कार्यक्रम अनुदान (पहिलो संशोधन) कार्यविधि, २०८१

थासाङ गाउँपालिकाको कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले सम्बन्धित कार्यविधिको दफा १६ ले दिएको अधिकार प्रयोग गरी थासाङ गाउँ कार्यपालिकाले देहायका नियमहरू बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

1) यो कार्यविधिको नाम "कृषि तथा पशुपालन कार्यक्रम अनुदान (पहिलो संसोधन) कार्यविधि, २०८१" रहेको छ।
2) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२. कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८० को दफा (२) मा संशोधनः**

1) कृषि तथा पशुपालन कार्यक्रम अनुदान कार्यविधि, २०८० (यस पछि मूल कार्यविधि भनिएको) को उपदफा छ मा रहको "कृषि र पशुपंक्षी विकास शाखा" भन्ने शब्दको सट्टा "कृषि विकास शाखा र पशुसेवा शाखा" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल कार्यविधिको दफा (४) मा देहाय अनुसारको संसोधन तथा थप भएको छ।

1) उपदफा (२) को कृषि क्षेत्र तर्फको (क) मा "कृषि उपज उत्पादन" शब्दको सट्टा "कृषि उपज उत्पादनमा बढोत्तरी ल्याउने बस्तुहरू" भन्ने शब्दहरू राखिएका छन्।
2) ↑उपदफा (२) को कृषि क्षेत्र तर्फको (क) मा निलोतुथो शब्द पछि " कपर स्टिम पेष्ट र टनेल खरिदमा" भन्ने शब्दहरू थप गरिएका।
3) उपदफा (२) पशुपंक्षी क्षेत्रतर्फ (क) मा "भाले याक नाक खरिदमा अनुदान" भन्ने शब्दहरूको सट्टा "प्रजननको लागि भाले याक,नाक , भेडा ,थुमा, बाख्रा , बोका, खरिद तथा ढुवानिमा अनुदान" भन्ने शब्दहरू राखिएका छन्।
4) उपदफा (२) पशुपंक्षि तर्फ (घ) मा "भैंसी/पाडा खरिदमा अनुदान" शब्दहरूको सट्टा "भैंसी/पाडा खरिद तथा तथा ढुवानिमा अनुदान" भन्ने शब्दहरू राखिएका छन्।
5) उपदफा (२) पशुपंक्षि तर्फ (छ) मा "माछापोखरी निर्माण/माछा भुरा खरिदमा अनुदान" शब्दहरूको सट्टा "माछापोखरी निर्माण/माछा भुरा खरिद तथा ढुवानिमा अनुदान" भन्ने शब्दहरू राखिएका छन्।
6) ↑उपदफा (२) पशुपंक्षि तर्फ बुँदा (ज) पछि देहायका बुदाहरू (झ), (ञ) (ट) र (ठ) थपिएका छन्।

    झ. कुखुराको चल्ला खरिद तथा ढुवानिमा अनुदान
    ञ. हिउँदे घाँसको विउ खरिद तथा ढुवानीमा अनुदान
    ट. हे, साईलेज , हेलेज सुकेको घाँस पराल जस्ता हिउँदको समयमा खुवाउने घाँसहरु खरिद तथा ढुवानिमा अनुदान
    ठ. दुध उत्पादनको लागि उन्नत जातको गाई खरिद तथा ढुवानिमा अनुदान

४.मूल कार्यविधिको दफा ५ को

1) कृषि क्षेत्रतर्फ उपदफा (६) थपिएको छ ।

2) ↓पशुपंक्षिपालन क्षेत्र तर्फ उपदफा (६), ५० प्रतिशत अनुदान अन्तर्गत बुँदा नं. १ हटाइएको छ।

3) ↓पशुपंक्षिपालन क्षेत्र तर्फ उपदफा (६), ५० प्रतिशत अनुदान अन्तर्गत बुँदा नं. २ मा रहेको योग्य शब्द पछिको "उमेरको वा ब्याएको माउ" भन्ने शब्दहरू हटाइएको छ।

4) पशुपंक्षि क्षेत्र तर्फ उपदफा (६),५० प्रतिशत अनुदान अन्तर्गत बुँदा नं ५ मा प्रजनन् योग्य भन्नाले शब्द पछि गाई/भैसिको हकमा ,उमेर-बढिमा ३ बर्ष उमेर पुगेको हुनुपर्ने।याक चौंरिको हकमा , उमेर बढिमा ३ बर्ष पुगेको हुनुपर्ने। पाठिको हकमा २ बर्ष उमेर पुगेको र तौल १५-२५ के.जी सम्मको हुनुपर्ने।बोका/ थुमाको हकमा ,उमेर बढिमा २ बर्ष उमेर पुगेको हुनुपर्ने।तौल-थुमा २५-४० के.जी सम्मको हुनुपर्ने।बोका २०-३५ के.जी सम्मको हुनुपर्ने।च्याङग्रा बोकाको हकमा १५-३० के.जी सम्मको हुनुपर्ने।बङ्गुरको हकमा ,बढिमा ३ महिना उमेर पुगेको पाठा/पाठि हुनुपर्नेछ।चल्लाको हकमा बढिमा ३ हप्ता उमेर पुगेको ब्रुडिङ गरेको चल्ला हुनुपर्नेछ शब्दहरु थपिएका छन्।

५. मूल कार्यविधिको दफा ८ मा देहाय बमोजिमको संशोधन तथा थप भएको छ।

१) दफा ८ को उपदफा ३ को १ मा अनुसूचि २ बमोजिम व्यक्तिगत निवेदन साथै स्वधोषण पत्र भन्ने शब्द थप गरिएका छन।

६. मूल कार्यविधिको दफा ९ मा देहाय बमोजिमको संशोधन तथा थप भएको छ।

१) दफा ९ को उपदफा २ को निर्देशन तथा छनौट समितिमा रहेका सदस्य मध्य आर्थिक प्रशासन शाखाका प्रमुख, प्रशासन शाखाका प्रमुख, प्राविधिक शाखाका प्रमुख यस समितिबाट हटाइएको छ र सो को सट्टा गाँउपालिकाको उपाध्यक्ष सदस्य र सम्बन्धित वडाका वडा अध्यक्ष सदस्य भन्ने शब्द समाबेश गरिएको छ।

७. मूल कार्यविधिको दफा ११ मा लाभगाहीहरुले पालना गर्नु पर्ने शर्तहरु थप भएको छ।

कार्यक्रम सञ्चलनका लागि देहाय बमोजिमका शर्तहरू पालन गर्नुपर्नेछ।

१) लाभग्राहीले अनुदान प्राप्त गरेपश्चा अनिवार्य रूपमा सम्बन्धित अनुदानको अधिकतम अपयोग हुने गरी कृषि व्यवसाय संञ्चालन गरेको हुनुपर्नेछ।

२) अनुदानमा उपलब्ध गरिएको कृषि/पशु यन्त्र उपकरणहरू कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

३) कृषकको लागत साझेदारीमा संचालित कार्यक्रमको कृषक वा संस्था द्वारा ब्यहोर्ने रकम थासाङ गाउँपालिकाको आन्तरिक अनुदान खातामा जम्मा गरी बैंक भौचर पेश गर्नुपर्नेछ।

४) कृषक वा संस्थाले अनुदानमा कृषि/पशु सामाग्री प्राप्त गरि सकेपछि आफू/आफ्नो समुह वा संस्था भित्रनै प्रयोग गर्नु पर्ने छ। अन्य निकाय वा स्थानमा बिक्रि वितरण गर्न पाईने छैन। यदि बिक्रि वितरण गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

५) कृषक वा संस्थाले अनुदानमा कृषि/पशु सामाग्री प्राप्त गरि सकेपछि आफू/आफ्नो समुह वा संस्था भित्रनै प्रयोग गर्नु पर्ने छ। अन्य निकाय वा स्थानमा बिक्रि वितरण गर्न पाईने छैन। यदि बिक्रि वितरण गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

८. मूल कार्यविधिको दफा १३ मा देहाय बमोजिमको संशोधन तथा थप भएको छ।

(१) दफा १३ को उपदफा १ थप गरिएको छ जसमा व्यक्तिगत कृषक/कृषक समुह/कृषक सहकारी तथा कृषक फर्मको हकमा प्रति कृषक/कृषक समुह/कृषक सहकारी तथा कृषक फर्मलाई बढीमा एक लाख रकम सम्मको कृषि सामाग्रीहरु अनुदानमा प्रदान गर्दा जनसहभागीता वापत लाग्ने रकम गाँउपालिकाको आन्तरिक अनुदान खातामा जम्मा गरि एकमुस्ट सामान खरिद गरि सम्बन्धित आपूर्तिकर्तालाई गाँउपालिकाले सोझै भूक्तानी गर्न सक्नेछ भन्ने शब्दहरु राखिएको छ।

(२) दफा १३ को उपदफा २ थप गरिएको छ जसमा उपदफा १ बाहेक अन्य अनुदान कार्यक्रमको हकमा अनुसूची-५ बमोजिम सम्झौता गरि उपदफा ३ बमोजिम भुक्तानी गरिनेछ भन्ने शब्दहरु राखिएको छ।

(३) दफा १३ को उपदफा ३ मा अनुदानग्राही/लाभग्राही संगै आपूर्तिकर्ता भन्ने शब्द थप गरिएको छ।

९. मूल कार्यविधिको अनुसूची १ मा देहाय बमोजिमको संशोधन तथा थप भएको छ।

१) प्रस्ताव आव्हान सम्बन्धित सूचना शब्दहरुमा आव्हान शब्दलाई सच्चाई आह्वान बनाईयो।

२) प्रस्ताव आह्वान सम्बन्धि सूचनामा संलग्न गरिने कागजातमा बुदा नं. (ख) मा रहेको अनुसूची २ बमोजिमको व्यक्तिगत निवेदनमा स्वधोषण पत्र भन्ने शब्दहरु थप गरिएको छ।

१०. मूल कार्यविधिको अनुसूची २ मा देहाय बमोजिमको संशोधन तथा थप भएको छ।

१) अनुसूची २ मा रहेको निवेदन फारमको नमुनामा गाँउपालिकाको सहयोगमा भन्ने शब्द पछाडी ......... .को सट्टा निम्न लेखित भन्ने शब्द थप गरिएको छ र क्र., कार्यक्रम नाम, कृषि सामाग्रीको नाम र आवश्यक परिमाणको लागि टेबलमा छुट्टा छुटै कोलुम बनाई थप गरिएको छ।

२) अनुसूची २ मा रहेको निवेदन फारमको नमुना तल स्वधोषण पत्र राखिएको छ।

११. मूल कार्यविधिको अनुसूची ४ मा देहाय बमोजिमको संशोधन तथा थप भएको छ।

१) अनुसूची ४ मा रहेको सम्बन्धित वडाको सिफारिस पत्रमा "साथै निजले अन्य कार्यकमबाट यस प्रकारको दोहोरो सुबिधा नलिएको व्यहोरा पनि जानकारीको लागि अनुरोध छ" भन्ने शब्दहरु थप गरिएको छ।

**आज्ञाले,**

**बिकाश परियार**

**प्रमुख प्रशासकीय अधिकृत**